# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७५/७६
च. नं.

## सूचनाको हकमा महिला सहभागिता : चुनौती र अवसर विषयक राष्ट्रिय बिचार गोष्ठी सम्बन्धी प्रेस विज्ञप्ति

सूचनाको हकमा महिला सहभागिता चुनौती र अवसर विषयक राष्ट्रिय गोष्ठी सम्पन्न भयो । उक्त कार्यक्रममा विभिन्न मन्त्रालयहरु, संवैधानीक निकाय, बार एशोसियसन, कानून व्यवसायी, राजनैतिक दलका प्रतिनिधिहरु, विभिन्न संघसंस्था प्रतिनिधि लगायत सबै निकायका महिलाहरुको प्रतिनिधित्व रहेको थियो । उक्त कार्यक्रमको अध्यक्षता आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्ग, प्रमुख अतिथि सूचना तथा सञ्चारमन्त्री माननीय श्री ज्ञानेन्द्र बहादुर कार्की, अतिथी राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला पराजुली, सूचना आयुक्त द्वय श्री कमला ओली थापा र रत्न प्रसाद मैनाली, दलित आयोग तथा कानून आयोगका सदस्यहरु, आयोगका सचिव श्री भागिरथ पाण्डेय, बरिष्ठ सञ्चारकर्मी बबिता बस्नेत यु एन वुमनका कार्यक्रम संयोजक सन्तोष आचार्यज्यू लगायतको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आयोगका सचिव भागिरथ पाण्डेले स्वागत मन्तव्य राख्नुभएको थियो । सूचनाको हकमा महिला सहभागिता : चुनौती र अवसर विषयमा सूचना आयुक्त श्री कमला ओली थापाले प्रस्तुतीको क्रममा सूचनाको हक र महिलासँग सम्बन्धित रहेर अयोगले गरेका प्रमुख कार्यहरु, सूचनाको हकको प्रयोगको आवश्यकता, सूचनाको हकमा महिला सहभागीता बढाउन के गर्नुपर्ने जस्ता विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्र उपर टिप्पणीकर्ता सन्तोष आचार्यले संघीय संरचना गएपश्चात नेपाल संघीय संरचनामा गएपश्चात कोभिड महामारीपछि सूचनाको हकको महत्व झनै बढेको, सूचनामा महिलाको पहुँच, रेडियोमा महिलाको पहुँच अपाङ्गता भएका महिला र नभएका महिलाहरुमा सूचनाको पहुँच जस्ता विषयहरु थप टिप्पणी गर्नुभएको थियो । त्यसैगरी अर्का टिप्पणीकर्ता बबिता बस्नेतले महिलाहरुले सही सूचना नपाएर पिडीत र दोषि हुन परेको, महिला सूचना दिने निकायमा रहेपनि सूचना माग्ने अवस्थामा रहेपनि सूचना दिन लिन हिक्किचाउने परम्परा, छोरी मान्छेलाई जहिले जेमा पनि प्रश्न गर्ने परम्परादेखीको बानी जस्ता

विषयहरु थप गर्नुभएको थियो ।  मन्तव्यको क्रममा महिला आयोगका अध्यक्ष श्री कमला पराजुलीज्यूले शक्ति सम्पत्ति र प्रतिष्ठा भन्दा ठूलो सूचना रहेको कुरा रहेको बताउनुभयो । आजको युगमा जोसँग धेरै सूचना छ त्यो नै सर्वशक्तिमान हुने कुरा बताउनुभयो । त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीज्यूले सूचनाको हकबाट मुलुकको दिगो विकास, समृद्धि र सुशासन कायम गराउन, अशिक्षा गरिवी, पछौटेपन हटाउन, महिलाहरुको प्रतिनित्वलाई बढावा दिन सूचनाको हकले मद्धत पुग्ने कुरा बताउनुभयो । कार्यक्रमको समापन मन्तव्यको क्रममा आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले सूचनाको हकको प्रयोग गर्न नपाएको अवस्थाबाट अन्य सुविधा तथा अधिकारबाट महिलाहरु बञ्चित हुनपरेको, नागरिक तहसम्म आयोग पुग्न खोजे पनि आयोगको एकल प्रयासबाट सम्भव नभई यहाँहरुको सहयोगबाट ग्रामिणस्तरका नागरिकसमक्ष सूचनाको हकको महत्व दर्शाउन मद्धत पुग्ने हेतुले यो कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

(कमला ओली थापा)

२०७८ पुस १२ गते सोमबार

सूचना आयुक्त  तथा प्रवक्ता